# गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विषय

स्नातकोत्तर तह (एम्.एड्) दोस्रो वर्षको  आवश्यकता पूरा

गर्नका लागि तयार गरिएको

शोधपत्र


शोधार्थी

सुनिताकुमारी पहाडी

त्रि.वि.द.नं.: ९०३११/८८

परीक्षा रोल नं.:२३३००८०

क्याम्पस रोल नं.: १२/२०६४

सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली


२०६९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अर्न्तगत एम.एड. दोश्रो वर्षका विद्यार्थी सुनिताकुमारी पहाडीले **गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि शोध मूल्याङ्कन समितिमा  सिफारिस गर्दछु ।

मितिः- २०६९/०८/२९

.....................................

भागवत थापा

शोध निर्देशक

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी सुनिताकुमारी पहाडीले स्नातकोत्तर तहको आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत **गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन** शीर्षकको शोधपत्रलाई शोध मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

## शोध मूल्यांकन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भागवत थापा | शोध निर्देशक | |
| २ | श्री सारदामणि खड्का | क्याम्पस प्रमुख | |
| ३ | श्री ............................ | वाह्य परीक्षक | |

मितिः २०६९/..../......

## कृतज्ञता ज्ञापन

यस शोधपत्र शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यस शोधपत्रमा शोध विद्यालयमा गई **गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन**ले खेल्ने भूमिका बाहिर ल्याउने प्रयास गरेकी छु । शोधकार्यमा अमूल्य सहयोग तथा सुझाव प्रदान गर्नुका साथै शोधकार्यलाई सम्पन्न गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव, निर्देशन तथा मार्गदर्शन गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागका शोध संयोजक एवम् उपप्राध्यापक श्री भागवत थापाज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस शोध अध्ययनका लागि हौसला र प्रेरणा प्रदान गर्नुहुने सिन्धुली बहुमुखी क्याम्पसका अन्य आदरणीय गुरुहरुप्रति आभार व्यक्त गर्दछु । शोध कार्यका क्रममा आवश्यक तथ्याङ्क, सूचनाहरु उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति एवम् विद्यालयका प्रधानाध्यापकहरु र अन्य सम्बद्ध महानुभावहरुसमेतमा आभार व्यक्त गर्दछु ।

यसरी नै अध्ययन क्षेत्रभित्रका विद्यालयका व्यवस्थापन समितिका पदाधिकारी, शिक्षकहरुलाई उहाँहरुको सहयोगको लागि धन्यवाद दिन चाहन्छु । शोधपत्रको भाषागत शुद्धाशुद्धीका लागि सहयोग गरिदिनु हुने आदरणीय दाजु केदारप्रसाद पहाडीप्रति आभारी छु । त्यस्तैगरी यस शोध लेखनका क्रममा प्रेरणा र हौसला प्रदान गरी तथ्याङ्क सङ्कलन एवम् व्याख्या तथा विश्लेषणका लागि महत्वपूर्ण सुझाव दिनुहुने आदरणीय दाइ ध्रुवप्रसाद पहाडीप्रति कृतज्ञ छु । यसरी नै शोधपत्र तयार पार्ने क्रममा उपयुक्त वातावरण तयार गरी सहयोग गरेकोमा छोराहरु अनुप र आकाशलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप तथा प्रिन्ट गरी आवश्यक सहयोग पुर्‍याउनु हुने ए.एस.पि.एम. कम्प्युटर सेन्टर, २ नं. बजार, सिन्धुलीका कृष्णहरि ढुङ्गेल र राधा ढुङ्गेललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**शोधकर्ता**

सुनिताकुमारी पहाडी

# शोधसार

**गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन** शीर्षकमा गरिएको यस शोध अध्ययनको प्रमुख उद्देश्य गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनले खेल्ने भूमिका पहिचान गर्नु थियो ।

उल्लेखित उद्देश्य पूरा गर्नका लागि श्री गौमती नमुना उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र माडीबजार, सिन्धुलीअन्तर्गतका सामुदायिक र संस्थागत विद्यालका शैक्षिक, भौतिक, आर्थिक, प्रशासनिक पक्ष, विद्यार्थी व्यवस्थापनजस्ता विषयहरुमा गहन अध्ययन अनुसन्धान गरियो र ती पक्षहरुका साथै नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, अभिभावकहरु र विद्यार्थीहरुसँग अन्तर्वार्ता र अन्तर्क्रियाबाट प्राप्त तथ्यहरुले गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापनसम्बन्धी अध्ययन गर्न महत्वपूर्ण सहयोग पुग्यो । यस अध्ययन र अनुसन्धानले सामुदायिक र संस्थागत विद्यालयहरुको शिक्षाको अवस्था कस्तो छ ? विद्यार्थीहरुलाई स्तरीय शिक्षा प्रदान गर्न के-के उपायहरु अपनाउन सकिन्छ ? शिक्षाको स्तर कसरी माथि उठाउन सकिन्छ भन्ने विषयमा यस शोधकार्यले प्रष्ट्याउने प्रयास गरेको छ ।

यस किसिमका अध्ययन, पुनरावलोनकपश्चात निर्दिष्ट उद्देश्य पूरा गर्नका लागि नमुना छनोटमा परेका विद्यालयहरुको विगत ३ वर्षको शैक्षिक तथ्याङ्क लगायत भौतिक, प्रशासनिक, आर्थिक पक्ष, विद्यार्थी व्यवस्थापन, शिक्षक कर्मचारी व्यवस्थापनका अवस्थाहरुको अध्ययन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरुमा स्तरीय शिक्षा प्रदान गर्न नसक्नुका मुख्य समस्याहरुमा भौतिक व्यवस्था, शैक्षिक व्यवस्थापन, खेलमैदान, पुस्तकालय, कक्षाकोठा व्यवस्थापनजस्ता पक्षहरुको अध्ययन गरिएको थियो । यसका लागि विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु, अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षजस्ता विभिन्न पक्षहरुसँग प्रश्नावली भराइएको थियो । उल्लेखित पक्षहरुसँग गुणस्तरीय शिक्षाको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा बेलाबेलामा अन्तर्क्रिया र छलफल पनि गरिएको थियो । यसरी अध्ययनको क्रममा विद्यालयहरुको सर्वपक्षीय अवलोकन गरिएको थियो । यस अध्ययनको माध्यमबाट गुणस्तरीय शिक्षा विकासका लागि के-कस्ता उपायहरु अपनाउनु पर्दछ भन्ने बारेमा गहन अध्ययन

गरिएको थियो । यस शोध अध्ययनका लागि प्राथमिक तथ्याङ्कका स्रोतका रुपमा प्रश्नावली, अन्तर्वार्ता तथा अवलोकन फारमको प्रयोग गरिएको थियो साथै द्वितीय स्रोतको रुपमा निरीक्षण पुस्तिका, आगन्तुक पुस्तिका, विद्यालय सुधार योजना, विभिन्न पत्रपत्रिकाका लेख, रचना लगायतका स्रोतहरु लिइएको थियो । अध्ययनका क्रममा उपलब्ध तथ्याङ्कहरुको व्याख्या र विश्लेषण व्याख्यात्मक ढङ्गबाट गरिएको थियो । यस अध्ययनमा आवश्यकतानुसार तालिकाको समेत प्रयोग गरिएको थियो ।

सामुदायिक र संस्थागत विद्यालयहरुले विद्यालयको सर्वपक्षीय सुधार गर्नुपर्ने जस्तैः शैक्षिक व्यवस्थापन, भौतिक व्यवस्थापन, शिक्षक, कर्मचारी व्यवस्थापन, विद्यार्थी व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, खेलमैदानको व्यवस्थापनजस्ता पक्षहरुको व्यापक मूल्याङ्कन र विश्लेषण गरिएको थियो । तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा सामुदायिक विद्यालयहरुको भन्दा संस्थागत विद्यालयहरुको पढाइको स्तर राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयमा शिक्षकहरुको दक्षता, शिक्षकहरुलाई उपलब्ध गराइएको सेवा, शर्त र सुविधाका साथै तालिम सुविधा समेत उपलब्ध गराइएको पाइए तापनि संस्थागत विद्यालयको शैक्षिक गुणस्तर राम्रो भएको पाइयो । समाजका उच्च, मध्यम एवम् सामुदायिक विद्यालय स्वयम् शिक्षकहरुका बालबालिकाहरुलाई समेत संस्थागत विद्यालयमा नै पढाउन भर्ना गरिएको पाइएकाले सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा हुन्छ भन्ने कुरा नै शंकाको घेरामा परेको पाइयो । अतः गुणस्तरीय शिक्षाका लागि प्रभावकारी व्यवस्थापन गर्न विद्यालयसँग सम्बन्धित सबै भौतिक पक्ष र मानवीय पक्षमा आमूल परिवर्तन गरी अगाडि बढ्नु पर्ने कुरा यस अध्ययनबाट पत्ता लगाइएको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

## परिच्छेद : एक

### परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | ७ |
| १.३ | अध्ययनको औचित्य | ८ |
| १.४ | अध्ययनको उद्देश्य | १० |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | १० |
| १.६ | अध्ययनका परिसीमाहरु | १० |


## परिच्छेद : दुई

### सम्बन्धित साहित्यको सिंहावलोकन


| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको सिंहावलोकन | १२ |
| २.२ | सैद्धान्तिक खाका | २३ |


## परिच्छेद : तीन

### अध्ययन विधि


| | | |
|---|---|---|
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २४ |
| ३.२ | जनसंख्या र नमुना छनोट | २४ |
| ३.३ | तथ्यांक स्रोतहरु | २५ |
| ३.४ | अध्ययन साधनको छनोट र परीक्षण | २५ |
| ३.५ | तथ्याङ्क सङ्कलन प्रक्रिया | २६ |
| ३.६ | तथ्याङ्कको व्याख्या तथा विश्लेषण | २६ |


## परिच्छेद : चार

### तथ्याङ्कको व्याख्या र विश्लेषण


| | | |
|---|---|---|
| ४.१ | तथ्यांकको व्याख्या तथा विश्लेषण | २७ |
| ४.२ | गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापनको भूमिका | २७ |
| ४.२.१. | विद्यालय भौतिक व्यवस्थापन | २७ |
| ४.२.२ | विद्यालयहरुमा शैक्षिक व्यवस्थापन | ३० |
| ४.२.३ | विद्यालयको शैक्षिक उपलब्धि | ३१ |
| ४.२.४ | विद्यालयमा शिक्षक र कर्मचारीको व्यवस्थापन | ३१ |
| ४.२.५ | विद्यालय समुदाय सम्बन्ध | ३३ |

४.२.६ विद्यार्थी व्यवस्थापनको अवस्था ३४
४.२.७ विद्यालय व्यवस्थापनको संगठन ३६
४.२ सामुदायिक र संस्थागत विद्यालयको व्यवस्थापनमा देखिएका समस्याहरु ३७
४.२.१ विद्यालयमा भौतिक व्यवस्थापनको समस्या ३७
४.२.२ विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा समस्या ३८
४.२.३ विद्यालयमा आर्थिक व्यवस्थापनको समस्या ३९
४.२.४ विद्यालयको प्रशासनिक व्यवस्थापन समस्या ३९
४.३ गुणस्तरीय शिक्षाका लागि अपनाउनु पर्ने सुधारका उपायहरु ४०
४.४ गुणस्तरीय शिक्षाका लागि विद्यालयका प्रधानाध्यापकहरुको अभिमत र सुझावहरु ४१

**परिच्छेद : पाँच**

**प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति ४३
५.१.१. भौतिक व्यवस्थापन ४३
५.१.२ शैक्षिक व्यवस्थापन ४३
५.१.३ शैक्षिक उपलब्धि ४४
५.१.४ शिक्षक व्यवस्थापनसम्बन्धी प्राप्ति ४६
५.२ निष्कर्ष ४७
५.३ सुझावहरु ४९
५.३.१ नीति निर्माण तह ४९
५.३.२ कार्यान्वयन तह ४९
५.३.३ अनुसन्धान तह ५०
सन्दर्भग्रन्थ सूची
अनुसूची

सिफारिस पत्र
स्वीकृति पत्र
कृतज्ञता ज्ञापन
शोधसार संक्षिप्त शब्दावली